आज मिति २०७७/०६/२५ गते आइतवारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री वालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री अनिलकुमार पाण्डे | सचिव |

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

नि. प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु**

१. कार्य सम्पन्न भै भुक्तानी दिन बाँकि योजनाहरुको रकम विनियोजन सम्बन्धमा ।

२. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

३. वैकल्पिक उम्मेदवारलाई करार सेवा गर्ने सम्बन्धमा ।

४. क्वारेन्टाइन व्यवस्थापन खर्च रकम भुक्तानी सम्बन्धमा ।

५. अपुग रकम माग गर्ने सम्बन्धमा ।

६. हाल सम्म भएको विपत व्यवस्थापनमा भएको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

७. गाउँपालिका यातायात गुरुयोजना (MTMP) सम्बन्धमा ।

८. खानेपानी योजनाहरुको लागत अनुमान संशोधन सम्बन्धमा

९. खेलकूद प्रशिक्षण अनुदान तथा नेपाल आमा अनाथ आश्रामलाई अनुदान सम्बन्धमा ।

१०. कृषि तथा पशुपालन पकेट क्षेत्र छनौट सम्बन्धमा ।

११. बैकल्पिक ऊर्जा कार्यक्रमको लागि समपुरक कोष सम्बन्धमा

१२. क्वारेन्टाइनमा खटिएका स्वयम् सेवक/कर्मचारीहरुलाई रकम भुक्तानि सम्बन्धमा ।

१३. कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा ।

१४. ढुवानी साधनको दररेट निर्धारण तथा रकम भुक्तानि सम्बन्धमा ।

१५. राहत वितरण सम्बन्धमा ।

१६ श्रद्धाञ्जली सम्बन्धमा ।

१७. अस्थायी प्रहरी चौकी थालारैकको व्यवस्थापन तथा ट्राफिक प्रहरी विट निर्माण समबन्धमा ।

१८. सडक मर्मत र भुक्तानि सम्बन्धमा ।

१९. जनता सुरक्षित आवास सम्बन्धमा ।

२०. बजार अनुगमन तथा मदिरा नियन्त्रण सम्बन्ध ।

२१. अन्य प्रासंगिक विषयबस्तु सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

यस शिवालय गाउँपालिकाको आ.व.२०७६।०७७ को पाँचौ गाउँसभावाट विनियोजन भएको र कार्यसम्पन्न भै सकेका तपसिलमा उल्लेखित योजनाहरुको रकम भुक्तानी नभएकोले गाउँपालिकाको समपूरक कोषवाट उक्त रकम विनियोजन गर्ने निर्णय गरियो ।

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

तपसिल:

१. रजिगैरा खानेपानी योजना शिवालय ३ रकम रु ३,९०,०००।

२. शिवालय टाटा चिउंदुवा सडक निर्माण शिवालय ४ रकम रु १,०५,०००।

३. महेन्द्र स्मृति प्रतिक्षालय रकम रु २,५१,०००।

४. नव सिर्जजा उपभोक्ता सहकारी संस्था लि. रकम रु. २,००,०००।

**निर्णय नं. २**

यस शिवालय गाउँपालिका गाउँ शिक्षा समितिको २०७७ साल असोज ०२ गते र २०७७ साल असोज १७ गतेको निर्णयहरुको जानकारी प्राप्त गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस शिवालय गाउँपालिकाको छैठौ गाउँ सभावाट स्वास्थ्य शाखामा १ जना अहेव स्वीकृत दरवन्दी अनुसार कर्मचारी करार सेवा गर्न पर्ने भएकोले हाललाई कर्मचारी भर्ना सम्वन्धी सूचना तथा अन्य प्रक्रिया गर्दा थप व्ययभार र लामो समय लाग्ने भएकोले मिति २०७७ साल असोज ०६ गते अहेव पदको लागि भएको लिखित तथा मौखिक परीक्षावाट वैकल्पिक सूचिमा भएका उम्मेदवारलाई प्राथमिकता अनुसार सम्पर्क गरी करार सेवा गर्न चाहनेलाई करार सेवा गरी कामकाज गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस शिवालय गाउँ कार्यपालिकाको निर्णयानुसार ४ वटा मात्र क्वारेन्टाइन निर्माण भएको र पिसिआर चेकअप गरी क्वारेन्टाइनमा अत्यधिक चाप भएको हुँदा वडा नं ६ र ९ का वडा अध्यक्षहरुले सम्बन्धित वडाका वासिन्दाहरुलाई आफ्नै वडामा अस्थायी क्वारेन्टाइनमा राखि पुनः पिसिआर रिपोर्ट आएपछि घरघरमा पठाएको र सो अवधिमा ७ दिन सम्मको अस्थायी क्वारेन्टाइनमा भएको खर्च रकम भुक्तानी दिने तथा रु. ३०,०००। कम रकम भएका क्वारेन्टाइन निर्माण एवं क्वारेन्टाइनको लागि अस्थायी शौचालय निर्माणका कार्यहरु दैनिक डोर हाजिरको आधारमा भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस शिवालय गाउँपालिमा चालु तर्फ (राजश्व बाँडफाँड) को रकम निकाशा कम भै दैनिक तथा प्रशासनिक खर्च भुक्तानी गर्न नसकिने भएकोले अपुग रकम अर्थ मन्त्रालय र कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णय नं.६**

यस शिवालय गाउँपालिका अन्तर्गत आ.व.२०७६।०७७ र आ.व. २०७७।०७८ मा भएको कोरोना तथा विपत व्यवस्थापन सम्बन्धी भएको तपसिल बमोजिमको खर्च रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

| क.सं. | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाको बैठक खर्च कोरोना निर्णय | १९९२५ | |
| २ | प्रहरी चौकी व्यवस्थापन छेडा | २८७४० | |
| ३ | हेल्प डेक्स निर्माण खर्च | २८५५३ | |
| ४ | हेल्प डेल्समा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरुको खाना नास्ता खर्च चिउदुवा | ४६००० | |
| ५ | सामान ढुवानी खर्च | २८००० | |
| ६ | छेडाचौर हेल्प डेक्सको खाना नास्ता खर्च कर्मचारी तथा सुरक्षाकर्मी | १८७२१० | |
| ७ | शिवालय गाउँपालिकामा सम्पूर्ण वडाहरुमा भएको राहत वितरण | ९१४५५० | |
| ८ | विभिन्न क्वारेन्टाइनहरुमा व्यवस्थापनका लागि सामान खरिद वापतको रकम भुक्तानी | ५००००० | |
| ९ | भेरी नपा जाजरकोटमा रहेको क्वारेन्टाइनमा भएको खर्च | ६८४६९९ | |
| १० | शिवालय गाउँपालिकामा रहेको हेल्प डेक्स वापतको खाना खाजा वापतको कर्मचारी तथा सुरक्षाकर्मी खर्च | ८१८२५ | |
| ११ | गापा कर्मचारीहरुका लागि माक्स खरिदका वातको भुक्तानी | १६००० | |
| १२ | सामान खरिद गर्न गएको विभिन्न समयमा दैनिक भ्रमण खर्च भुक्तानी | १४२६८ | |
| १३ | वडा अध्यक्ष अनुगमन वापत भुक्तानी | ७८४६ | |
| १४ | प्रहरी टोली गस्ती वापत खर्च भएको इन्धन खर्च शिवालय गापा भुक्तानी | ३६३१५ | |

नि. प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १५ | विभिन्न औषधी भिटिएम आरडिटि मास्क खरिद | १०९५५४४ | |
| १६ | ट्राफिक प्रहरी व्यवस्थापनका लागि भएको खर्च | १५००० | |
| १७ | पत्रपत्रिका तथा संचार सम्बन्धि खर्च | १९८००० | |
| १८ | यातायात खर्च | ५३६५०० | |
| १९ | सुरक्षा निकायको जोखिम भत्ता | ३२५६३५ | |
| २० | मानिकेज उर्जा सोलार खरिद | २३१३५८ | |
| २१ | शिवालय गाउँपालिका केन्द्रमा भएको क्वारेन्टाइनमा भएको खर्च | ११४४९८० | |
| २२ | जुंगाथापाचौर क्वारेन्टाइनामा भएको खर्च | २५७४०० | |
| २३ | स्यापी क्वारेन्टाईनमा भएको खर्च | ६२०००० | |
| | जम्मा | ७०१८३४८ | |

**निर्णय नं. ७**

यस शिवालय गाउँपालिका र ग्रामीण पहुँच कार्यक्रम मुगु हुम्ला लिंक सडक (RAP3 MHLR) मर्मत सम्भार तथा जिवट कार्यक्रम (Maintenance and Resilience Pilot; MRP) विच भएको साझेदारी सम्झौता अनुरुप यस गाउँपालिकाको यातायात गुरुयोजना पालिकाका सम्वद्ध पदाधिकारीहरु समेतको संलग्नतामा तयार गरिएको उक्त यातायात गुरुयोजनाको अन्तिम मस्यौदालाई स्वीकृत गरी सोही अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिकाको वडा नं. ५ को काउला खानेपानी तथा सरसफाई योजना र वडा नं. ८ र ९ को धुनापानी तुसारे हुँदै बडाँकाँडा नान्ने खानेपानी योजनाको लागत अनुमान गर्दा दररेटमा केही फरक पर्न गई लागत अनुमान बढ्न गएकोले उक्त योजनाको लागत अनुमान देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | ठेगाना | शुरु लागत अनुमान रकम रु. | संशोधित लागत अनुमान रकम रु |
|---|---|---|---|---|
| १ | काउला सल्लेरी खानेपानी आयोजना | शिवालय ५ | ५५,२५,८४४।११ | ५१,५८,५६४।५५ |
| २ | धुनापानी तुसारे हुँदै वडाकाँडा नान्ने खानेपानी आयोजना | शिवालय ८ र ९ | ५२,७६,८०८।१७ | ५०,१२,७४६।२२ |

नि. प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

## निर्णय नं. ९

छेडागाड नगरपालिका वडा नं. १२ निवासी श्री युनिस बिक्रम सिंहले आठौं राष्ट्रिय खेलकूद प्रतियोगितामा कर्णाली प्रदेशबाट क्रिकेट खेलमा भाग लिएको र हाल भारतको राजिस्तानमा बन्द प्रशिक्षणमा रहेको हुँदा खेलको प्रवर्द्धनको लागि केही आर्थिक सहायता माग गरेकोले निजको खेलको प्रवर्द्धनको लागि रु. १,००,०००। समपुरक कोष शिर्षकबाट दिन निर्णय गरियो ।

## निर्णय नं. १०

क) यस गाउँपालिकामा जिल्ला कृषि विकास कार्यालय जाजरकोटबाट कार्यान्वयन हुने गरी सुन्तला ब्लकको लागि वडा नं. ६ रिसिना, पाल्त र देउलीटोल छनौट गर्ने

ख) यस गाउँपालिकाको रैथानेबाली (कोदो) पकेट क्षेत्रको लागि शिवालय गाउँपालिका वडा नं. ५ को सल्लेरी, दलितटोल, काउला, माडेरा, काँडागाउँ यस गाउँपालिकाको समपुरक अनुदानमा कार्यान्वयन हुने गरी छनौट गर्ने निर्णय गरियो ।

ग) बाखापालन पकेट क्षेत्र छनौटका लागि पशुपंक्षी प्राविधिकको प्रतिवेदनको आधारमा अर्को कार्यपालिका बैठकबाट निर्णय गरियो ।

## निर्णय नं. ११

संघीय सरकारको सशर्त बजेटबाट प्राप्त बैकल्पिक ऊर्जा तथा वायोग्यास कार्यक्रमको लागि अख्तियारी आएकोमा उक्त कार्यक्रमलाई यस गाउँपालिकाको टोलबस्तीहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि सशर्त बजेटबाट रु. ४,५०,०००। विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

शिवालय गाउँपालिकाले निर्माण गरेका क्वारेन्टाइन व्यवस्थापनको लागि खटिएका स्वयम् सेवक तथा कर्मचारीहरुलाई देहाय अनुसारको स्वयम् सेवी भत्ता तथा सुविधा दिने निर्णय गरियो ।

क) स्वयम् सेवक

| सि.नं. | स्वयम् सेवकको नाम | ठेगाना | काम गरेको क्वारेन्टाइन | काम गरेको दिन | प्रतिदिन दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | खगेन्द्र बहादुर शाही | शिवालय ५ | शिवालय क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| २ | मदन सिंह ठकुरी | शिवालय ५ | शिवालय क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| ३ | वीरेन्द्र शाही | शिवालय ५ | शिवालय क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| ४ | वीरेन्द्र विक्रम शाही | शिवालय ७ | शिवालय क्वारेन्टाइन | ४९ | ६०० | २९४०० |
| ५ | भिम बहादुर शाही | शिवालय ६ | शिवालय क्वारेन्टाइन | ४९ | ६०० | २९४०० |
| ६ | मदन सिंह | शिवालय ७ | शिवालय क्वारेन्टाइन | ३७ | ६०० | २२२०० |
| ७ | प्रकाश नाथ योगी | शिवालय ७ | जुंगाथाचौर क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| ८ | हरि नाथ योगी | शिवालय ७ | जुंगाथाचौर क्वारेन्टाइन | ३० | ६०० | १८००० |

प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | बल बहादुर बुढा | शिवालय ७ | जुंगाथाचौर कारेन्टाइन | ३० | ६०० | १८००० |
| १० | गोपाल बहादुर पुन | शिवालय १ | स्यापी क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| ११ | इन्द्र बहादुर नेपाली | शिवालय १ | स्यापी कारेन्टाइन | ३० | ६०० | १८००० |
| १२ | प्रेम बहादुर महतारा | शिवालय १ | स्यापी कारेन्टाइन | ३० | ६०० | १८००० |
| १३ | रोहित पुन | शिवालय १ | स्यापी क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| १४ | धिरेन्द्र पुन | शिवालय १ | स्यापी क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| १५ | रुद्र बहादुर पुन | शिवालय १ | स्यापी क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| १६ | सजिव पुन | शिवालय १ | स्यापी क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| १७ | पृथी बहादुर महतारा | शिवालय १ | स्यापी क्वारेन्टाइन | ३० | ६०० | १८००० |
| १८ | दिपेन्द्र थापा मगर | शिवालय ६ | ६ नं अस्थायी कारेन्टाइन | ९ | ६०० | ५४०० |
| १९ | भीमसेन थापा | शिवालय ६ | ७ नं अस्थायी कारेन्टाइन | ९ | ६०० | ५४०० |
| २० | तप्त बहादुर रोकाय | शिवालय ६ | ८ नं अस्थायी कारेन्टाइन | ९ | ६०० | ५४०० |
| २१ | सुरेन्द्र खडका | शिवालय ९ | ९ नं अस्थायी कारेन्टाइन | ५ | ६०० | ३००० |
| २२ | नरेश वि क | शिवालय ९ | १० नं अस्थायी कारेन्टाइन | ५ | ६०० | ३००० |
| २३ | निम बहादुर पुन | भेरी न पा ३ | खलंगा क्वारेन्टाइन | २५ | ६०० | १५००० |
| | जम्मा | | | | | ३७०२०० |

ख) कर्मचारी

| सि.नं. | कर्मचारीको नाम | पद | काम गरेको कारेन्टाइन | काम गरेको दिन | तलबको ७५% ले हुन आउने प्रतिदिन दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | दल बहादुर बाँठा | अधिकृत छैटौ | खलंगा क्वारेन्टाइन | २५ | ९०० | २२५०० |
| १ | भद्र बहादुर शाही | सहायक पाँचौ | स्यापी क्वारेन्टाइन र समग्र व्यवस्थापन | ५० | ७०५ | ३५२५० |
| २ | भिम बहादुर शाही | कार्यालय सहयोगी | शिवालय क्वारेन्टाइन | ९३ | ४५० | ४१८५० |
| ३ | तिलक बहादुर पुन | मर्मत संभार कार्यकर्ता | स्यापी क्वारेन्टाइन | ३० | ४५० | १३५०० |
| ४ | डिल बहादुर पुन | सेवा प्रवाह | स्यापी क्वारेन्टाइन | ३० | ४५० | १३५०० |
| ५ | वर्षा पुन | अ. न. मी. | स्यापी क्वारेन्टाइन | ३० | ६१५ | १८४५० |
| ६ | ऐन बहादुर शाही | वडा सचिव | जुंगाथाचौर कारेन्टाइन | ३० | ६६६ | १९९८० |
| ७ | प्रकाश घर्ती | सवारी चालक | विभिन्न कारेन्टाइन | ४५ | ५५० | २४७५० |
| ८ | याम बहादुर सिंह ठकुरी | सवारी चालक | विभिन्न कारेन्टाइन | ३५ | ५५० | १९२५० |
| ९ | नर बहादुर बुढा | कार्यालय सहयोगी | जुंगाथाचौर कारेन्टाइन र शिवालय हेल्प डेक्स | ४५ | ४५० | २०२५० |
| १० | गोपाल कुँवर | प्रहरी जवान | स्यापी क्वारेन्टाइन | ३० | ६६६ | १९९८० |
| | जम्मा | | | | | १७१५३० |

प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश,
२०७३

## निर्णय नं. १३

यस गाउँपालिका अन्तरगत आधारभूत स्वास्थ्य केन्द्र गाउँ कार्यपालिका कार्यालयमा रिक्त कार्यालय सहयोगी पदको आवश्यक प्रक्रिया पुरा गरी पदपुर्ति गर्ने निर्णय गरियो ।

## निर्णय नं. १४

यस गाउँपालिका कार्यालयले यस अगाडि विभिन्न (निर्माण सामग्री, कार्यालयको सामान तथा क्वारेन्टाइन व्यवस्थापनको लागि सामान) सामानहरु ट्याक्टर/ढुवानी ढुवानी गर्दा देहायको दररेट अनुसार निर्धारण गरी रकम भुक्तानि गर्ने निर्णय गरियो ।

| क्र.सं. | स्थान (देखि सम्म) | प्रतिट्रिप दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | भेरी नदीदेखि शिवालय ६ सुगरखालसम्म | १०००० | |
| २ | भेरी नदीदेखि शिवालय ५ थालारैकरसम्म | ८००० | |
| ३ | भेरी नदीदेखि शिवालय ५ काउलासम्म | ९००० | |
| ४ | शिवालयदेखि शिवालय ६ सुगुखालसम्म | ८५०० | |
| ५ | भेरी नदीदेखि शिवालय ७ ढिकालेसम्म | ७५०० | |
| ६ | शिवालय ७ ढिकालेदेखि शिवालय ५ थालारैकरसम्म | ३५०० | |
| ७ | भेरी नदीदेखि शिवालय ६ टुनीबगरसम्म | ९००० | |
| ८ | भेरी नदीदेखि शिवालय ७ बडाखेतसम्म | ८००० | |
| ९ | भेरी नदीदेखि शिवालय ७ भिउससम्म | १०००० | |
| १० | शिवालयदेखि शिवालय ७ भिउसम्म | ६००० | |
| ११ | भेरी नदीदेखि शिवालय ४ टाटासम्म | ७५०० | |
| १२ | शिवालयदेखि शिवालय ७ ढिकाले | २००० | |
| १३ | भेरी नदीदेखि शिवालय ३ ताँगा | ७५०० | |
| १४ | शिवालयदेखि शिवालय ४ टाटासम्म | ४००० | |
| १५ | शिवालयदेखि शिवालय ३ ताँगासम्म | ३५०० | |
| १६ | भेरी नदीदेखि शिवालय ३ सिमासम्म | ६५०० | |
| १७ | शिवालयदेखि शिवालय ३ सिमासम्म | २५०० | |
| १८ | भेरी नदीदेखि शिवालय २ नेपासम्म | ६५०० | |
| १९ | शिवालयदेखि शिवालय २ नेपासम्म | २५०० | |

नि. प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २० | भेरी नदीदेखि शिवालय २ डुङ्गासम्म | ६५००/ | |
| २१ | शिवालयदेखि शिवालय २ डुङ्गासम्म | ३०००/ | |
| २२ | भेरी नदीदेखि शिवालय १ सिस्नेसम्म | ५५००/ | |
| २३ | भेरी नदीदेखि शिवालय १ स्यापीसम्म | ३५००/ | |
| २४ | भेरी नदीदेखि शिवालय ८ लिस्पानी | ७०००/ | |
| २५ | शिवालयदेखि शिवालय ८ लिस्पानी | ४०००/ | |
| २६ | भेरी नदीदेखि शिवालयसम्म | ५०००/ | |
| २७ | मिलबजारदेखि शिवालयसमम | १०००/ | |
| २८ | भेरी नदीदेखि शिवालय ९ नाहाडासम्म | ५५०० | |
| २९ | शिवालयदेखि शिवालय ७ जुंगाथापाचौरसमम | ७०००/ | |
| ३० | शिवालय ७ जुंगाथापाचौरदेखि शिवालय ५ सुगुरखालसमम | ७०००/ | |
| ३१ | शिवालयदेखि टुनिबजारसमम | ४०००/ | |
| ३२ | शिवालयदेखि ९ नं. वडा कार्यालय | ७०००/ | |
| ३३ | बालुवादेखि ९ नं. वडा कार्यालयसमम | ३०००/ | |
| ३४ | बालुवादेखि शिवालयसम्म | ४०००/ | |
| ३५ | कल्याणदेखि सुगुरखालसम्म | ३५००/ | |
| ३६ | मोर्कबजारदेखि आलेसम्म | ३५००/ | |
| ३७ | भेरी नदीदेखि शिवालय २ कोसेटाकुरा | ४५००/ | |
| ३८ | भेरी नदीदेखि शिवालय १ मोर्क बजार | १५००/ | |
| ३९ | प्रतिदिन काम गरेको | ८०००/ | |

**निर्णय नं. १५**

यस वर्षको विभिन्न समयमा गएको बढी पहिरोले क्षति भएका घरपरिवारहरुलाई प्रहरीको सर्जिमिन मुचुल्काको आधारमा दशैं अगाडि नै प्रत्येक घरपरिवारलाई एक बोरी (३० के.जी) चामल र २ के.जि. दाल वितरण गर्ने र उक्त राहत वितरणको लागि हुने खर्च रु. ३,००,०००। आर्थिक सहायता कोष र रु. ३,००,०००। समपुरक कोषबाट भुक्तानि गर्ने निर्णय ।

**निर्णय नं. १६**

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

यही २०७७ साल असोज २१ गते अपह्रान्न २:०० बजे जिल्ला सदरमुकाम खलंगादेखि जुनिचाँदेका लागि गएको गाडी जुनिचाँदे वडा नं. १ स्थित औलखोलामा दुर्घटना हुँदा जुनीचाँदे गाउँपालिका वडा नं. ११ का वडा अध्यक्ष अमर बहादुर शाही, जिल्ला विकास समिति जाजरकोटका पूर्व जिल्ला सदस्य जुनीचाँदे गाउँपालिका वडा नं. ११ निवासी कृति बहादुर शाही लगायत सात जनाको मृत्यु भएको खबरले दुखित तुल्याएको छ । मृतक सबै प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तब्ध परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

नेपाल सरकार, गृह मन्त्रालयको मिति २०७७।०६।२० गतेको परिपत्र अनुसार शिवालय गाउँपालिका वडा नं. ५ थालारैकरमा अस्थायी प्रहरी चौकी स्थापना भएको हुँदा उक्त प्रहरी चौकीलाई आवश्यक पर्ने जिन्सी सामानहरु कार्यालयमा मौज्दात भएकोबाट हस्तान्तरण गर्ने र चौकी सुधार विस्तार तथा आवश्यक पर्ने रकम प्राविधिक मूल्यांकनको आधारमा प्रहरी चौकी व्यवस्थापन शिर्षकबाट भुक्तानि गर्ने र जिल्लाको प्रवेशद्धार शिवालय १ छेडाचौरमा शिवालय गाउँपालिका, छेडाचौर नगरपालिका, जुनीचाँदे गाउँपालिका र कुशे गाउँपालिकाको संयुक्त साझेदारीमा निर्माण हुने अस्थायी ट्राफिक विट निर्माण गर्न रकम अन्य पालिकाले भुक्तानि गरे पश्चात बाँकी रकम प्राविधिक मूल्यांकनको आधारमा समपुरक कोषबाट भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस गाउँपालिका क्षेत्र भित्र गत आ.व. मा सडक मर्मत गरी रकम अभावका कारण भुक्तानि हुन नसेका र यस वर्षको वर्षा र बाढी पहिरोबाट क्षतिग्रसत सडकहरु मर्मत गरी चाडपर्वमा सहजता आएको हुँदा रु. १,००,०००। भन्दा कम रकमका मर्मत योजनाहरु अमानतबाट, रु. ५,००,०००। सम्मका मर्मत योजनाहरु कोटेशन मार्फत र रु ५,००,०००। भन्दा बढीका मर्मत योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने र उक्त कार्यमा प्रयोग भएका भ्याक हो लोडर र स्काभेटरको जिल्ला दररेट अनुसार घण्टाको आधारमा मुल्यांकन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

कर्णाली प्रदेश सरकारले संचालन गरेको जनता सुरक्षित आवास कार्यक्रम अन्तरगत खर वा फुसको छाना भएको घरलाई विस्तापित गरी सुरक्षित आवास निर्माण गर्नको लागि यस पालिकालाई प्राप्त

नि. प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

भएको ७० वटा कोटा मध्ये वडा नं १ मा ७ वटा, वडा नं. २ मा ७ वटा, वडा नं. ३ मा ६ वटा, वडा नं. ४ मा, ५ वटा, वडा नं. ५ मा ६ वटा, वडा नं. ६ मा १० वटा, वडा नं. ७ मा ८ वटा, वडा नं. ८ मा ७ वडा नं. ९ मा ६ वटा र बाँकी गाउँपालिकाले छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस शिवालयमा निर्माण भएका मुल सडक तथा सहायक सडकहरु नियमित मर्मत गरी सकडहरुलाई दैनिक सुचारु राख्न ग्रामीण सडक मर्मत संभार कार्यकर्ता छनौट भएकोमा हाल एक जना कार्यकर्तालाई रकम अभावका कारणं विस्तापित भएको हुँदा यस पालिकाको सडक मर्मत कार्यको आवश्यकतालाई मध्येनजर गर्दा निरन्तरता दिनु पर्ने भएकोले गाउँपालिकाको सडक मर्मत संभार कोष शिर्षकबाट सुविधा पाउने गरी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

नजिकै गरेको दशैं तिहार लगायत चाडपर्वहरुमा दैनिक खाद्यबस्तु अधिक बिक्रि बितरण हुने र बजारमा म्याद सकिएका खाद्यबस्तु वितरण भए नभएको र कालो बजारी भए नभएको अनुगमन गर्न स्थानीय तह बजार अनुगमन निर्देशिका बमोजिम तत्काल बजार अनुगमन गर्ने र अनियन्त्रित मदिरा सेवनले सामाजिक असर परेको, घरेलु हिंसा बढ्दै गएको हुंदा अनियन्त्रित रुपमा मदिरा बिक्रि बितरण गर्न र सेवन गर्नेलाई नियन्त्रण गर्नको लागि सम्बन्धित सुरक्षा निकायलाई पत्राचार गर्ने र वडा वडामा वडा कार्यालयले नियन्त्रण गर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७७/०६/२५ मा बसेको त्रीपन्नौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner